**Soaltee Hotel Limited**

★ ★ ★ ★ ★

२९ मंसिर २०८२ (१५ डिसेम्बर २०२५)

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा,
काठमाण्डौं ।

**विषय : ५१ औं वार्षिक साधारण सभा सम्पन्न भई सो सभाबाट पारित निर्णयहरुको सम्बन्धमा जानकारी ।**

महोदय,

यस कम्पनीको ५१औं वार्षिक साधारण सभा मिति २०८२ मंसिर २८, तदनुसार १४ डिसेम्बर २०२५ आइतबार त्रिभुवन आर्मी अफिसर्स क्लब सभामण्डप हल, टुँडिखेल, सुन्धारा, काठमाडौं, नेपालमाका दिन बिहान १० बजे शुरु भई विधिवत सम्पन्न भएको व्यहोरा अनुरोध गर्दछौं ।

कम्पनीको उक्त ५१औं वार्षिक साधारण सभाले निम्नलिखित प्रस्तावहरु सर्वसम्मतिबाट पारित गरेको जानकारी अनुरोध छः–

१. कम्पनीको ५१औं वार्षिक साधारण सभाले **आर्थिक वर्ष २०८१/८२** को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सर्वसम्मतिबाट पारित गर्‍यो ।

२. कम्पनीको ५१औं वार्षिक साधारण सभाले लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तमा अन्त्य भएको आर्थिक वर्ष २०८१/०८२ को कम्पनी तथा कम्पनीको सहायक कम्पनीका वित्तीय विवरण समावेश रहेको **एकिकृत आर्थिक विवरणहरु,** जसमा २०८२ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), ईक्वीटीमा भएको परिवर्तनको विवरण तथा वित्तीय विवरणहरुका टिप्पणीहरू लगायतका आर्थिक विवरणहरु माथि छलफल गरी सर्वसम्मतिबाट पारित गर्‍यो ।

३. कम्पनीको ५१औं वार्षिक साधारण सभाले कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८१/०८२ को नाफाबाट कम्पनीका शेयरधनीहरुलाई लिन मञ्जुर तथा **चुक्ता पूंजीको १६.५७८९४७३७%** (अक्षरमा: सोह्र दशमलव पाँच सात आठ नौ चार सात तीन सात) प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव उपर छलफल गरी सर्वसम्मतिबाट पारित गर्‍यो ।

४. कम्पनीको ५१औं वार्षिक साधारण सभाले कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण गर्नका लागि श्री **जे. बि. राजभण्डारी एण्ड डिविन्स, चार्टर्ड एकाउण्टेण्टस्,** काठमाण्डौंलाई वैधानिक लेखापरीक्षक तथा कर लेखापरिक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावलाई सर्वसम्मतिबाट स्वीकृत गरी पारित गर्‍यो ।

५. कम्पनीको सञ्चालक समितिमा **संस्थागत शेयरधनीहरु मध्येबाट नियुक्त ५ जना** र सर्वसाधारण शेयरधनीहरु मध्येबाट सभा स्थलमा भएको गोप्य मतदानबाट निर्वाचित हुनुभएका **३ जना संचालक** र सभाबाट नियुक्त **१ जना स्वतन्त्र संचालक** गरी ९ जना रहेको नयाँ संचालक समिति गठन भयो । जस अनुसार संस्थागत शेयरधनी सोल्टी ईन्टरप्राइजेज प्राइभेट लिमिटेडको प्रतिनिधित्व गर्न सो संस्थाको तर्फबाट नियुक्त हुनुभएका **४ जना सञ्चालकमा श्री दिनेश बहादुर विष्ट, श्री रवि भक्त श्रेष्ठ, श्री राजेश काजि श्रेष्ठ** र **श्री जया राज्यलक्ष्मी शाह,** तथा नेपाल वायुसेवा निगमको प्रतिनिधित्व गर्न सो संस्थाको तर्फबाट नियुक्त हुनुभएका १ जना सञ्चालकमा **श्री अमृत मान श्रेष्ठ** नियुक्त हुनु भएको छ ।

कम्पनीका सर्बसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्न सर्बसाधारण शेयरधनीहरुको तर्फबाट ४ जना शेयरधनीहरुको उम्मेदवारी पेश भएकोले निजहरु बीच मतदान हुँदा अधिक मत प्राप्त गर्ने ३ जना उम्मेदवारहरु श्री प्रकाश विक्रम खत्री, श्री शशीराज पाण्डे, र श्री निरञ्जन कुमार टिवरेवाला सञ्चालकमा निर्वाचित हुनु भएको छ । कम्पनीका सर्बसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्न सर्बसाधारण शेयरधनीहरुको तर्फबाट सभामा भएको चार जना उम्मेदबारहरु बीच मतदान हुँदा निर्वाचित हुनुभएका ३ जना संचालकमा **श्री प्रकाश विक्रम खत्री, श्री शशीराज पाण्डे, र श्री निरञ्जन कुमार टिवरेवाला विजयी हुनुभई सञ्चालक नियुक्त** हुनु भएको छ । त्यसैगरी, कम्पनीको ५१औं वार्षिक साधारण सभाले **डा. माधव गिरी,** लाई **स्वतन्त्र सञ्चालक नियुक्त** गरेको छ ।

६. कम्पनीको ५१औं वार्षिक साधारण सभाले कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई **१५%** (पन्ध्र प्रतिशत) का दरले **बोनस शेयर** वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजी बृद्धि गर्न स्वीकृति प्रदान गर्ने विषेश प्रस्तावलाई सर्वसम्मतिबाट पारित गर्‍यो ।

कम्पनीको ५१औं वार्षिक साधारण सभामा प्रस्तावित तथा पारित उपरोक्त संचालक समितिको वार्षिक प्रतिवेदन एवं लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सहितको ५१औं वार्षिक प्रतिवेदन २०८१/८२ को विद्युतीय प्रति ताहाँ वेवसाइटमा अपलोड रहेको व्यहोरा समेत अनुरोध छ ।

स:धन्यवाद ।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

भवदीय,

लिल बहादुर खत्री
कम्पनी सचिव

P O Box 3800, Tahachal, Kathmandu, Nepal Telephone : +977-1-4272567, 4273999 Fax : +977-1-4272201, 4272206 E-mail: sales@soaltee.com.np
सोल्टी होटल लिमिटेड, रजिष्टर्ड अफिस ताहाचल, काठमाण्डौं
कम्पनी दर्ता नं. ९६/०३२